**बाढी पहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३६ ❖ २०७९ भदौ १९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १८


## विद्यालय व्यवस्थापन समिति गठन नहुँदा नमूना विद्यालयमा ढिलाइ

प्रस, निजगढ, १८ भदौं/

निजगढ नगर राजनीतिक, बौद्धिकलगायत हरेक दृष्टिले सबल, सक्षम नगर भनिंदै आए पनि चारपटक प्रयास गर्दा पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्नुले उक्त भनाइलाई गिज्याइरहेको छ। आफूहरूलाई सक्षम, अब्बल राजनीतिकर्मी भन्ने स्थानीय विभिन्न दलका नेताहरूले निकास दिन नसक्दा तीन महीनायतादेखि विद्यालयले पटक–पटक गरेको प्रयास विफल हुँदै आएको हो ।

निजगढ नगरपालिका–८ स्थित गौरीशङ्कर माविमा स्थानीय तहको निर्वाचन सम्पन्न भएयता विद्यालय व्यवस्थापन समिति गठन हुन सकेको छैन।

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनअघिसम्म वडाध्यक्ष नै यस विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थिए । त्यसयता विद्यालयमा पदीय राजनीतिक भागबन्डा नमिल्दा विद्यालय व्यवस्थापन समिति गठन नहुँदा भौतिक निर्माणलगायतका अन्य कार्यहरू पनि प्रभावित हुँदै आएका छन् ।

स्रोतका अनुसार स्थानीय राजनीतिक दलहरूबीच अन्य पदाधिकारीहरूमा मौखिक सहमति भएपनि शुक्रवार भएको छलफलमा महिला सदस्य चयनमा भागबन्डा नमिल्दा समस्या लम्बिएको हो। विद्यालय व्यवस्थापन समिति चयन हुन नसक्दा सङ्घीय सरकारको शिक्षा मन्त्रालयबाट आव २०७८/७९ को डेढ करोड र २०७९/८० को पनि डेढ करोड गरी तीन करोड रुपैयाँ नमूना विद्यालय निर्माणको लागि आए पनि काम अघि बढ्न सकेको छैन ।



तस्वीरः प्रतीक

नमूना विद्यालय बनाउन भौतिक निर्माणका लागि शिक्षा मन्त्रालयबाट स्थानीय तहमा बजेट आउने र विद्यालयले स्थानीय तह निजगढ नगरपालिकासँग सम्झौता गरी चरणबद्ध निर्माण कार्यको सम्पन्नताको आधारमा प्राविधिकले गरेको जाँचपासको अनुगमन गरी रकम भुक्तानी गर्ने प्रक्रिया रहेको निजगढ नगरपालिका आर्थिक प्रशासन शाखाले जनाएको छ ।

यसको निम्ति विद्यालय व्यवस्थापन समिति गठन गरी भौतिक निर्माणको लागि टेन्डर आह्वान गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। स्थानीय तहको निर्वाचन हुनुअघि नमूना विद्यालय निर्माणका लागि डेढ करोडमध्येबाट ७५ लाख रकम विद्यालयको खातामा निजगढ नगरपालिकाले पठाइसकेको छ। तर व्यवस्थापन समिति गठन नहुँदा खातामा गएको सो रकमबाट काम अघि बढ्न नसकेको विद्यालयका प्रधानाध्यापक बद्रीनारायण झाले बताए । बाँकी ७५ लाख निजगढ नपाले रोक्का गरेको छ । हालसम्म यस विद्यालयलाई नमूना विद्यालय बनाउन तीन करोड रकम विनियोजन भई आइसकेको निजगढ नपा आर्थिक लेखा प्रशासन स्रोतले जनाएको छ ।

विद्यालय व्यवस्थापन समिति गठनमा ढिलाइ भए विनियोजित रकम फ्रिज हुन सक्ने सम्भावना छ । नमूना विद्यालय अन्तर्गत बर्सेनि पाँच वर्षसम्म रकम उपलब्ध हुने सरकारले घोषणा गरेको छ । यसअघि स्थानीय तहले निर्माण गरेको शिक्षा ऐनको कार्यविधिमा जुन वडामा विद्यालय रहेको हो, सो वडाका अध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने प्रावधान नराख्दा अहिले स्थानीय राजनीतिक दलहरूबीच रस्साकस्सी बढेको हो ।

निजगढका केही विद्यालयहरूमा भौतिक संरचनालगायत अन्य गतिविधिमा वार्षिक करोडौं रकम खर्च हुने भएकोले व्यवस्थापन समिति गठनमा तँछाडमछाड हुने गरेको स्थानीय नागरिकको भनाइ छ । निजगढका केही विद्यालयहरू जहाँ वार्षिक बजेट न्यून छ, ती विद्यालयका व्यवस्थापन समितिमा हात समातेर पदाधिकारीहरू राख्नुपर्ने अवस्था छ ।

नमूना विद्यालय अन्तर्गत भौतिक संरचनामा प्रत्येक तला आठ कोठे हुने गरी तीन तलासम्म कुल २४ कोठे पक्की भवन, शौचालय, पुस्तकालयलगायतको आधुनिक भवन निर्माण गरिने सरकारले योजना अघि सारेको छ ।

## आश्रय निर्माण सेवा र साह निर्माण सेवाको चरम लापरबाही

प्रस, रौतहट, १८ भदौं/

रौतहटको कटहरिया नगरपालिकाका प्रमुख अजयप्रकाश जैसवालले ठेक्का लिई योजना अलपत्र पार्ने ठेकेदारलाई काम सम्पन्न गर्न अन्तिमपटक आग्रह गरेका छन् । जिल्लाको पश्चिमी भेगमा पर्ने कटहरिया नगरपालिकाका प्रमुख जैसवालले कटहरिया नगरपालिकाको भवन निर्माणदेखि ढल निकास, बजार भवन, कोल्ड स्टोरलगायतका कामको ठेक्का लिएका निर्माण व्यवसायीहरूलाई काम नगरे आवश्यक कारबाही गर्ने चेतावनी दिएका हुन् ।


तस्वीरः फाइल

नगरप्रमुख जैसवालले ती कार्यहरूको ठेक्का सकार गरेर विगत दुई वर्षदेखि काम गर्न नसकेका निर्माण व्यवसायीहरूविरुद्ध कठोर बन्दै उक्त चेतावनी दिएका हुन् ।

आश्रय निर्माण सेवा, साह निर्माण सेवालगायतका विभिन्न निर्माण कम्पनीहरूले विगतका वर्षमा ठेक्का सकार गरेर काम सञ्चालन नगरेकोमा दुःख व्यक्त गर्दै नगरप्रमुख जैसवालले अन्तिमपटक सञ्चारकर्मीहरूमार्फत निर्माण व्यवसायीलाई काम सुचारु गरेर निर्माण सम्पन्न गर्न आग्रह गरेका हुन् ।

विकास निर्माण कार्यमा ढिलासुस्ती गरी नगरलाई हानिनोक्सानी पुऱ्याउँदै आएका निर्माण व्यवसायीहरूसँग पटक–पटक छलफल गरेर आग्रह गर्दा पनि उनीहरूले अटेरी गर्न थालेपछि बाध्य भएर सञ्चारकर्मीहरूमार्फत अन्तिमपटक आग्रह गरेको नगरप्रमुख जैसवालले बताए। हाम्रो आग्रहलाई बेवास्ता गरियो भने नगरपालिकाले कडा कारबाही प्रक्रिया अगाडि बढाउन बाध्य हुने उनले बताए ।

चार वर्षअघि कटहरिया बजार व्यवस्थापनको लागि लिएको ठेक्कामा जग उठाएर त्यसै अलपत्र छाडिएको छ। नगरपालिका भवन निर्माण कार्य त्यसै अधूरो छाडिएको छ। छेदी चोकमा कोल्ड स्टोर भवनको जग मात्रै उठाइएको छ। त्यस्तै, जनता आवास कार्यक्रम अलपत्र पारिएकोलगायत विभिन्न एक दर्जनभन्दा बढी योजना अलपत्र पारिएको अवस्थामा पटक–पटक टेबुल वार्ता गरिए पनि सम्बन्धित निर्माण कम्पनीले बेवास्ता गरेको नगरप्रमुख जैसवालले आरोप लगाए ।

निर्माण व्यवसायीहरूले ढलको लागि साइट क्लियर गर्न भनेकोमा तत्कालै साइट क्लियर गरिएको तर काम गर्न अझै आनाकानी गरिरहँदा सञ्चारकर्मीहरूमार्फत जानकारी गराइएको उनले स्पष्ट पारे ।

## भरपेट भोजनालयको वार्षिकोत्सव सम्पन्न

प्रस, वीरगंज, १८ भदौ/

सानो पाइलाले सञ्चालन गरेको भरपेट भोजनालयले स्थापनाको एक वर्ष मनाएको छ। ५० रुपैयाँमा भरपेट भोजन उपलब्ध गराउने उद्देश्यले सानो पाइलाले गत वर्ष साउन ३१ गते भरपेट भोजनालय वीरगंजको मुर्लीमा सञ्चालनमा ल्याएको थियो ।

कार्यक्रममा संविधानसभा सदस्य अनिल रूँगटा, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, नेपाली काङ्ग्रेसका नेता प्रकाश उपाध्याय, सामाजिक अभियन्ता ओमप्रकाश सर्राफ, भरपेट भोजनालयका नियमित ग्राहक श्रवण ब्याहुत कलवारलगायतले


तस्वीरः प्रतीक

(बाँकी अन्तिम पातामा)

## महिला कैदीबन्दीलाई साडी वितरण

प्रस, वीरगंज, १८ भदौ/

लायन्स क्लबको आयोजनामा शुक्रवार वीरगंज कारागारका महिला कैदीबन्दीहरूलाई साडी वितरण गरिएको छ । लायन्स क्लबले तीजको अवसरमा साडी वितरण गरेको लायन्स क्लबका सुमन श्रेष्ठले बताए ।

उनले तीजमा दर खुवाएको र महिला कैदीबन्दीहरूको चाहना अनुसार साडी वितरण गरिएको बताए । कार्यक्रममा लायन्स क्लबका रमेश अग्रवाल, डिएन अग्रवाल, प्रहरी नायब उपरीक्षक सुमन थापा, रामबिहारी पाण्डे, केएम अन्सारी, त्रिलोक श्रेष्ठ, रोहिणी आचार्य, विपिन पोखरेललगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

## फोटो पत्रकार महासङ्घ पर्साको अध्यक्षमा खतिवडा

प्रस, वीरगंज, १८ भदौ/

नेपाल फोटो पत्रकार महासङ्घ, पर्साको शनिवार सम्पन्न तेस्रो अधिवेशनले सफल खतिवडाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।



तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा तेस्रो साधारणसभाको नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गरेका थिए ।

नगरप्रमुख सिंहले समाजलाई सकारात्मक सन्देश दिने तस्वीरहरू सम्प्रेषण गर्न फोटो पत्रकारहरूलाई सुझाव दिए। उनले सीमा क्षेत्रमा हुने तस्करीका तस्वीरहरूलाई प्राथमिकतामा राखिएको र नकारात्मक तस्वीरहरूले मात्र समाजको विकास नहुने भन्दै सकारात्मक सोचका तस्वीरहरू सम्प्रेषण गर्न सुझाए।

उद्घाटन सत्रमा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामछिाने, प्रदेश महासचिव श्याम बन्जारा, शाखा अध्यक्ष अनुप तिवारी, मधेस विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्य, नेपाल फोटो पत्रकार महासङ्घका केन्द्रीय सदस्य राम सर्राफ, प्रदेश सदस्य पङ्कज श्रेष्ठले मन्तव्य व्यक्त गरेका थिए ।

नेपाल फोटो पत्रकार महासङ्घ, पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा भएको साधारणसभाले खतिवडाको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्ष माधुरी महतो, सचिव श्रवणकुमार साह, कोषाध्यक्ष शम्भुकुमार सुमनलगायत सदस्यहरूलाई सर्वसम्मत चयन गरेको हो ।

## विचारसार र सूक्तिहरू

**कुनै पनि काम कठिन हुन्छ तर असम्भव हुन सक्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# निष्काम कर्म हो : कर्मयोग

यो संसार कैयौं विषमता, कैयौं विडम्बनाहरूले भरिएको छ, नमालूम कति विविधता एवं घटनाहरूले भरिएको छ । यस संसारमा सुखी मानिस पनि छन् र दुःखी मानिस पनि छन् । कोही कम दुःखी छ भने कोही बढी दुःखी । कोही कम सुखी छ भने कोही बढी सुखी ।

यही सत्य योगेश्वर भगवान् श्रीकृष्ण गीता (४/५) मा अर्जुनका समक्ष प्रकट गर्दै भन्दछन्–"हे परम्तप अर्जुन ! मेरो र तिम्रो धेरै जन्म भइसकेका छन् । ती सबै जन्मबारे तिमीलाई जानकारी छैन, तर मलाई छ ।" वास्तवमा शरीर त्याग गरेपछि पनि त्यस शरीरमा रहँदाका बेला

**हामी पनि आसक्तिरहित कर्म किन नगर्ने ? निष्काम कर्म गरौं; किनकि निष्काम कर्म नै कर्म बन्धनबाट मुक्तिको मार्ग हो । निष्काम कर्म नै कर्मयोग हो । निष्काम कर्म नै बन्धनरहित कर्म हो । निष्काम कर्म नै मुक्तिको मार्ग हो ।**

कसैको जीवनमा सुखैसुख छ भने कसैको जीवनमा दुःखैदुःख । कसैको जीवन उत्सवजस्तो छ भने कसैको जीवन मरणतुल्य । असल कर्म गर्दागर्दै पनि कोही दुःखी छ भने कोही नराम्रो कर्म गरेर पनि सुखी छ, हर्षित छ । केही मानिस अरूलाई कष्ट दिएर, रुवाएर पनि सुखी छन्, परिश्रम नगरीकनै मालामाल छन् भने केही मानिस परिश्रम र इमानदारीले काम गर्दा पनि दुःखी छन् ।

केही मानिस यस्ता पनि छन्, जो सुख र दुःख, हर्ष र विषादभन्दा टाढा परम आनन्दको अवस्थामा छन् । संसारमा यस्तो विषमता किन छ होला ? के यी सबै अकारण हो अथवा यसपछाडि कुनै ठोस कारण पनि छ ? नराम्रो कर्म गर्ने दुःखी हुन्छ भन्ने कुरा त बुझ्न सकिन्छ, तर असल कर्म गर्ने मानिस पनि दुःखी हुनु कसरी हुन सक्छ ? के पुण्य कर्म, शुभ कर्म, असल कर्म गर्ने मानिसलाई उनको असल कर्मको सुफल कहिले प्राप्त हुँदैन ? के अनीति, बेइमानीको बाटोमा हिंड्ने मानिसलाई उसको नराम्रो कर्मको दण्ड पाइन्छ ? यस्ता अनेक प्रश्न हाम्रो मनमा उठ्छ ।

केही शिशु सुनको झोगुङ्गोमा खित्खिताउँछन् भने केही जन्मले नै दुःखी, अपङ्ग र रोगी भएर रोइरहेका हुन्छन् । यस्तो विषमता किन ? यस्ता अनेक प्रश्न हाम्रो मनमा उठ्छ । यी विषमताहरूका पछाडि, विविध घटना र परिणामहरूको पछाडि केही न केही कारण त अवश्य नै छ; किनकि यस संसारमा कुनै पनि घटना मात्र संयोग हुँदैन । प्रत्येक क्रिया, प्रत्येक घटना, प्रत्येक परिणामको पछाडि कुनै न कुनै ठोस कारण त अवश्य नै हुन्छ । बाह्यरूपमा यी विषमता, घटना वा परिणामहरूको पछाडि जनसामान्यलाई कुनै तर्क, कुनै औचित्य देखिंदैन, तर सत्य त यो हो कि ती घटनाहरूका पछाडि अवश्य कुनै ठोस कारण हुन्छ, जसलाई सूक्ष्मदृष्टिले मात्र बुझ्न र देख्न सकिन्छ ।

सूक्ष्मदृष्टि, वैज्ञानिक दृष्टि, आध्यात्मिक दृष्टि र शास्त्रीय दृष्टिले हेर्‍यौं भने कुनै पनि प्राणी केवल वर्तमानमा देखिने स्थूलशरीर होइन, अपितु वास्तविक प्राणी त जीवात्मा हो, जो विभिन्न जन्महरूमा विभिन्न शरीर परित्याग र धारण गर्दै आएको छ । तर जीवात्मालाई आफ्नो वर्तमान जीवनमा आफूले पूर्वजन्ममा गरेको शुभ–अशुभ कर्मको स्मृति नहुँदा ऊ आफ्नो सुख र दुःखको तात्कालिक कारण बुझ्न सक्दैन ।

गरिएका कर्महरूको संस्कारलाई जीवात्मा विभिन्न जन्महरूमा बोक्दै हिंड्छ र त्यसका राम्रा–नराम्रा परिणाम भोगिरहन्छ ।

कर्महरूको संस्कारले जीवात्माको विभिन्न जन्मसम्म पिछा गरिरहन्छ र विभिन्न जन्महरूमा आफ्ना राम्रा–नराम्रा परिणामहरू प्रकट गरिरहन्छ । यो सत्य हो कि राम्रो कर्मको परिणाम राम्रै हुन्छ र नराम्रो कर्मको परिणाम नराम्रै हुन्छ, तर यो आवश्यक छैन कि यस जन्ममा हामी जुन पनि राम्रो वा नराम्रो कर्म गरिरहेका छौं त्यसको फल हामीलाई यसै जन्ममा पाइयोस् । त्यो फल हामीलाई यसै जन्ममा पनि पाउन सक्छ वा अर्को जन्ममा पाइन्छ ।

यसै आधारमा त कोही जन्म लिंदै सुखद, अनुकूल परिस्थिति प्राप्त गर्दछ र कोही दुःखद परिस्थिति प्राप्त गर्दछ । अनीतिको मार्गमा हिंडेर पनि सुखी देखिने व्यक्ति वस्तुतः आफ्नो वर्तमान अनीतिपूर्ण नराम्रा कर्मका कारण सुखी भएको होइन, अपितु पूर्वजन्ममा गरेको असल कर्मको परिणामस्वरूप सुखी भएको हो । हो, ती वर्तमानमा जुन नराम्रो कर्म गरिरहेका छन्, त्यो कर्म पनि सञ्चित भइरहेको छ; जुन प्रारब्ध बनेर भविष्य वा अर्को जन्ममा दुःखद परिणामको रूपमा प्रकट हुन्छ । यसमा संशय वा सन्देहको अंश पनि छैन ।

अस्तु हाम्रो लागि आदर्श र अनुकरणीय त यही हुन्छ कि हामी कुनै पनि परिस्थितिमा सच्चाई र इमानदारीको मार्ग नछाडौं; किनकि सत्य परेशान हुन सक्छ, तर परास्त कदापि हुँदैन । हाम्रो असल कर्मले एक न एक दिन हामीलाई राम्रो परिणाम अवश्य नै दिनेछ । हामी नराम्रो कर्मबाट जोगिएर सधैं असल कर्म गरौं, पुण्य कर्म मात्र गरौं । यो बुझ्नु आवश्यक छ कि बीउ रोप्नेबित्तिकै रातभरिमैं रूख बन्न सक्दैन । हो ! रोपेको बीउको संरक्षण, पोषण गर्दै रह्यौं भने एक दिन अवश्य नै ठूलो रूख बन्नेछ र हामीलाई त्यसको मीठो फल प्राप्त हुनेछ । बस, धैर्य राख्नुपर्छ । सन्त कबीरले भनेकै छन्–

**शनैः–शनैः हे मन, सबै काम बिस्तारै हुन्छ ।**
**सय घैंटो पानी हालौं फल ऋतु आए मात्र लाग्छ ।**

अर्थात् मनमा धीरज राखेपछि नै सबैथोक प्राप्त हुन्छ । यदि कुनै मालीले कुनै रूखमा सय घैंटो पानी हाले पनि फल त ऋतु आउनुभन्दा पहिले लाग्दैन । प्रायः सच्चाईको मार्गमा हिंड्दै असल कर्म गर्ने मानिस आफ्नो कर्मको त्वरित परिणाम प्राप्त नहुँदा निराश–हताश भएर नराम्रो काममा प्रवृत्त हुन थाल्छ र अन्ततः नराम्रो कर्मको नराम्रो परिणाम पाएर दुःखी हुन्छ ।

अस्तु हामीले पनि कठिनभन्दा कठिन, प्रतिकूलभन्दा प्रतिकूल परिस्थितिमा पनि सत्यको मार्ग छाड्नुहुँदैन, इमानदारी त्याग्नुहुँदैन । नराम्रो कर्मबाट प्राप्त हुने सुख, वैभव र सफलताको प्रलोभनबाट कुनै पनि अवस्थामा जोगिनुपर्छ ।

त्यसैले त युगऋषि परमपूज्य गुरुदेवले भनेका छन् कि अनीतिबाट प्राप्त सफलताको अपेक्षा नीतिको मार्गमा हिंडेर असफलता शिरोधार्य गर्नु नै श्रेयस्कर छ; किनकि जो नीतिमा, सच्चाईको मार्गमा हिंड्दै तत्कालिकरूपमा सङ्घर्ष गरिरहेको देखिन्छ, कष्ट र कठिनाई झेलिरहेको देखिन्छ, ऊ आफ्नो सत्यको बलमा एक न एक दिन सफलता अवश्य प्राप्त गर्छ र सच्चाईले प्राप्त सफलता, अनीतिबाट प्राप्त सफलताभन्दा अनन्त गुणा बढी सुखद र स्थायी हुन्छ । अनीतिबाट सफलता प्राप्त गरेपनि मानिसलाई अन्ततः आत्मग्लानि त हुन्छ नै र उसले नराम्रा कर्म, अनीतिपूर्ण कामको दुःखद परिणाम पनि भोग्नुपर्छ ।

यसका साथै के पनि स्मरणीय छ भने हामी राम्रो कर्म अवश्य गरौं, तर असल कर्म, शुभ कर्म, पुण्य कर्मबाट प्राप्त हुने मीठो फल, सुखद परिणामप्रति आसक्ति नराखौं; किनकि असल कर्मबाट प्राप्त हुने मीठो फलप्रति आसक्ति पनि जीवात्माका लागि कर्म–संस्काररूपी बन्धन हो र जीवात्माको मुक्ति र मोक्षमा बाधक हो । अस्तु हामी निष्काम कर्म गरौं, कर्तापनको भावबाट रहित भएर कर्म गरौं । आफ्नो प्रत्येक कर्म ईश्वरलाई अर्पित गर्दै हिंडौं र त्यसको परिणामको चिन्ता नगरौं ।

हामी जुन पनि कामको जिम्मा लिन्छौं त्यसलाई कुशलतापूर्वक सम्पन्न गरौं । त्यसमा आफ्नो शतप्रतिशत प्रयास होमिदिउँ र त्यसको परिणाम ईश्वरमाथि छाडिदिउँ । यसले यदि कर्मको फल आफू अनुकूल नआए पनि हाम्रो आत्मबल, मनोबल उच्च नै रहने छ, जसले गर्दा हामी पुनः पुरुषार्थ गरेर त्यसमा सफलता प्राप्त गर्नेछौं । यसबाट हाम्रो कर्म संस्काररहित हुनेछ र हामी कर्मको बन्धनबाट पनि मुक्त रहने छौं । यही निष्काम कर्म हो, यही कर्मयोग हो । यही कर्मबन्धनबाट मुक्तिको मार्ग हो ।

भगवान् महावीरले पनि यही भनेका छन् कि जबसम्म जीवका साथ असल र नराम्रा कर्महरूको संस्कार, प्रभावहरूको बन्धन टाँसिएको हुन्छ, तबसम्म त्यो जीव यस संसारमा जन्म–मरण गर्दै सुख र दुःख भोगिरहने छ । तर जब यो जीव आफ्नो सत्य पुरुषार्थ अर्थात् अहिंसा, संयम, तप, त्याग, ध्यान आदिद्वारा कर्म–बन्धनलाई छिन्नभिन्न पारिदिन्छ, तबमात्र मुक्ति पाउने अधिकारी बन्न सक्छ । जीव आफ्नो कर्महरू स्वयं नष्ट गर्न सक्छ । यो कार्य ऊ स्वयं र मात्र स्वयंको सत्पुरुषार्थद्वारा गर्न सक्दछ ।

एकपटक मुक्ति प्राप्त गरिसकेपछि यो आत्मा अनन्तकालसम्म मुक्तिमैं रहन्छ; किनकि यस जीवलाई संसारमा जन्म–मरण गराउने र सुख–दुःख दिने कारण–जुन कर्मसंस्कार हो, त्यसको सर्वथा अभाव हुन्छ । भौतिक शरीरमा रहेर पनि ऊ जीवनमुक्त रहन्छ र प्रत्येक पल आनन्दित रहन्छ । भौतिक शरीर परित्याग भइसकेपछि पनि जीवात्मा एउटा अनुपम, अतीन्द्रिय र साँचो सुख, शाश्वत सुखको अनुभूति गर्दछ । यो मुक्तिको मार्ग कुनै विशिष्ट व्यक्तिका लागि मात्र होइन, अपितु संसारका प्रत्येक प्राणीका लागि खुला छ । उसले मात्र सम्यक प्रयास गर्नुपर्छ । हाम्रा लागि योगेश्वर श्रीकृष्णाको पनि यही आह्वान छ–

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफलहेतुर्भूमा ते सङ्गोऽस्त्वकर्मणि ॥**

अर्थात् तिम्रो कर्म गर्नुमा मात्र अधिकार छ, त्यसको फलमा कदापि छैन । त्यसैले तिमी कर्म–फलको हेतु नबन तथा तिम्रो कर्म नगर्नमा पनि आसक्ति नहोस् ।

निष्काम कर्म अर्थात् कर्मयोगलाई स्पष्ट पार्दै भगवान् श्रीकृष्ण भन्दछन् कि तिमी निरन्तर आसक्तिरहित भएर सदा कर्तव्य–कर्म गरिरहू; किनकि आसक्तिरहित भएर कर्म गर्दै मानिस परमात्मालाई प्राप्त हुन्छ । (गीता, ३/१९) ।

जनक आदि ज्ञानीजनले पनि आसक्तिरहित कर्मद्वारा नै परमसिद्धि प्राप्त गरेका थिए (गीता, ३/२०) । जो मानिस समस्त कर्महरूमा र त्यसको फलमा आसक्तिको सर्वथा त्याग गरेर संसारको आश्रयबाट रहित भइसकेको छ र परमात्मामा नित्य तृप्त छ, ऊ राम्ररी कर्म गरेर पनि वास्तवमा केही गर्दैन (गीता, ४/२०) । जसको आसक्ति सर्वथा नष्ट भइसकेको छ, जो देहाभिमान र ममताबाट रहित भइसकेको छ–जसको चित्त निरन्तर परमात्माको ज्ञानमा स्थित रहन्छ; यस्तो, केवल यज्ञ सम्पादनका लागि कर्म गर्ने, व्यक्तिको सम्पूर्ण कर्म राम्ररी विलीन भइसकेको हुन्छ (गीता, ४/२३) । अस्तु भगवान् श्रीकृष्णाका उपर्युक्त आह्वान र दिव्य सन्देशको अनुसरण गर्दै हामी पनि किन आसक्तिरहित कर्म नगर्ने ? निष्काम कर्म गरौं; किनकि निष्काम कर्म नै कर्म बन्धनबाट मुक्तिको मार्ग हो । निष्काम कर्म नै कर्मयोग हो । निष्काम कर्म नै बन्धनरहित कर्म हो । निष्काम कर्म नै मुक्तिको मार्ग हो ।

# कालोधनमा कालै नियत

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**भ्रष्टाचार, कर छली, वित्तीय अपराध र हुन्डी सम्पत्ति शुद्धीकरणका मूल समस्या हुन् । सम्पत्ति शुद्धीकरणमा लागेका गिरोहहरूले नयाँ–नयाँ उपाय अपनाइराखेका हुन्छन् । सरकारमा बसेकाहरू र स्थायी सरकार मानिएको कर्मचारीतन्त्र इमानदार हुने हो भने नियन्त्रण असम्भव छैन ।**

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी हेर्ने अन्तर्राष्ट्रिय छाता सङ्गठन फाइनान्सियल एक्शन टास्क फोर्स अन्तर्गतको एशिया/प्यासिफिक ग्रुप अन मनी लन्ड्रिङले आगामी वर्ष नेपालको मूल्याङ्कन गर्ने मात्र होइन, त्यस बेला नेपाल ग्रे एरियामा पर्ने जोखिम बढेकोमा सरोकारवालाहरूको चिन्ता सतहमा आएको छ । नेपाल यसको सदस्य राष्ट्र पनि भएकोले कालोधनविरुद्ध कानूनी प्रबन्ध र त्यसको इमानदार कार्यान्वयन दायित्व हो ।

नेपाल अबको केही वर्षभित्रै अल्पविकसितबाट विकासशील देशको सूचीमा स्तरोन्नति हुन गइरहेको सन्दर्भमा यो जोखिम चिन्ताको विषय हो । नेपालले गैरकानूनी सम्पत्ति आर्जनविरुद्धका अन्तर्राष्ट्रिय कानूनमा प्रतिबद्धताको साथै घरेलु कानून बनाउने तर उच्च राजनीतिक तहबाट यसको उल्लङ्घन गरी गैरकानूनी सम्पत्ति आर्जनको चाँजोपाँजो मिलाउने प्रवृत्तिका कारण यस्तो जोखिम बढेकोमा विवाद आवश्यक छैन ।

नेपाल ग्रे जोनमा पर्दा बहुराष्ट्रिय दाताबाट सहयोग नपाउने, कालोसूचीमा पर्ने देशको अरू मुलुकमा खोलेको खाता बन्द गर्न लगाउने, ती मुलुकले प्रतीतपत्र नस्वीकार्ने, बैंकिङ कारोबारमा थप शुल्क लिनेजस्ता कारबाही गर्ने अवस्था आउँछ । यसो भएमा नेपालको बाह्य क्षेत्रसँगको सम्बन्ध धरापमा पर्ने निश्चित छ । आयातमा आधारित आपूर्ति र अर्थतन्त्रको आलोकमा यसले आम दैनिकीमा पार्ने चरम अप्ठेरो त आफ्नो ठाउँमा छ, दीर्घकालका लागि यसरी कालोधन थुपार्ने परिपाटीले आर्थिक असमानता, अपराधमा वृद्धि हुने र देशमा आर्थिक, सामाजिक हुँदै अन्ततः राजनीतिक अस्थिरताको पुनरावृत्ति हुने जोखिम पनि रहन्छ । प्रकारान्तरले अहिले श्रीलङ्कामा भएको सत्तापलट भ्रष्टाचार र आर्थिक असमानताको कारण नै बढी थियो । भोलि यो अवस्था हाम्रोअगाडि पनि नआउला भन्न सकिन्न । यसमा नेतृत्व आवश्यकता जति गम्भीर नदेखिनु आश्चर्य छ ।

अहिले विश्वभरि नै सम्पत्ति शुद्धीकरण हुन नदिन चलेको अभियानलाई नेपालले पनि अनुमोदन गरेको छ । यसका अलावा नेपालले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, कसूरजन्य सम्पत्ति तथा साधन रोक्का ऐन २०७०, पारस्परिक कानूनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७० र सुपुर्दगी ऐन २०७० पनि पारित गरेको छ । यी कानून यसअघि नेपाल कालोसूचीबाट बाहिर आउन बनाइएका थिए । २०७० सालमा यी कानून बनाएर नेपाल कालोसूचीबाट बाहिर आए पनि यी कुनै पनि कानूनको कार्यान्वयन पक्ष गतिलो छैन ।

राजनीतिक तहबाट हुने बढ्दो नीतिगत भ्रष्टाचारका कारण सम्पत्ति शुद्धीकरणविरुद्धको अभियानमा नेपालको भूमिका कमजोर मात्र होइन, शङ्कास्पद देखिएको अन्तर्राष्ट्रिय क्षेत्रको बुझाइ छ । केही वर्षअघि सत्तामा जाने तयारीमैं रहेका बेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले व्यापारीहरूसँगको जमघटमा सम्पत्ति शुद्धीकरणको पक्षमा अभिव्यक्ति दिएपछि उनीमाथि कालोधनको संरक्षणका पक्षमा खुलेरै वकालत गरेको आरोप लागेको थियो । त्यसअघि तत्कालीन माओवादी नेता बाबुराम भट्टराईले ठूला योजनामा आउने लगानीको स्रोत खोज्न नहुने तर्क गरेर कालोधनलाई चोख्याउने आशय प्रकट गरेका थिए । काङ्ग्रेसका दिग्गज भनिएका नेता डा रामशरण महत पनि कालोधनको पक्षमैं अभिव्यक्ति दिनेमध्येकै एक हुन् ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ ले कर छलेर, आतङ्ककारी र अन्य गैरकानूनी क्रियाकलापबाट आर्जन गरिएको सम्पत्तिको स्रोत लुकाउनुलाई सम्पत्ति शुद्धीकरण मानेको छ । त्यस्तो सम्पत्ति आर्जन गर्ने व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले गैरकानूनी सम्पत्ति लुकाउन, रूपान्तरण गर्न वा स्थानान्तरण गर्न कसैलाई मदत गरेमा त्यसलाई सम्पत्ति शुद्धीकरण गरेको मानिने कानून छ । तर नेताहरू एकपछि अर्को यसको पक्षमा उभिंदै आउनुले हाम्रो छवि खराब भइराखेको छ ।

नेताहरूबाटै बारम्बार कालोधनको पक्षमा वकालत सुनिनु र राजनीतिक संरक्षणमा भ्रष्टाचार मौलाएका तथ्य र सन्दर्भ बाहिर आउनु केवल संयोग मात्र होइनन् । त्यसमाथि सरोकारका कानूनको फितलो कार्यान्वयन र भ्रष्टाचार नियन्त्रणका संवैधानिक अङ्गको घट्दो विश्वसनीयता साख खस्किने कारण हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग साना माछा समातेर ठूला माछालाई दोहन गर्ने र सत्ता राजनीतिको प्रतिशोध साँध्ने औजार बढी भइराखेको छ । प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहेको राष्ट्रिय सतर्कता केन्द्र के गर्दैछ, स्वयम् प्रधानमन्त्रीलाई पनि थाहा नहोला । केही वर्षअघि मात्र प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा ल्याइएको राजस्व अनुसन्धान विभाग अनुसन्धानको नाममा अवैध असुलीको अखडा बनेको छ ।

अनुसन्धानका निकायमा पदासीनहरू अतिरिक्त आयतिर उन्मुख भएका उदाहरण पर्याप्तै छन् । नियन्त्रणका नियम कानूनका छिद्र केलाएर अवैध आर्जनको उपाय बनाइएको छ । यतिसम्म कि राजनीतिक नेतृत्वको भ्रष्टाचारसम्बन्धी अदालतमा विचाराधीन मुद्दा प्रभावित पार्न महाअभियोगजस्ता संवैधानिक व्यवस्था दुरुपयोगका पहेलीहरू बारम्बार चर्चामा आएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको अध्ययनले नेपाललाई भ्रष्टाचार सूचकको ११९औं स्थानमा राखेको मात्र छैन, भ्रष्टाचारका सवालमा नेपालको अवस्थालाई दयनीय औंल्याएको छ । ट्रान्सपरेन्सीकै अध्ययनले नेपालको राजनीतिलाई भ्रष्टाचारमा सबैभन्दा अगाडि राखेको थियो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका भ्रष्टाचारमा डुबेका सन्दर्भ नौला लाग्दैनन् । नेपाल दक्षिण एशियामा सबैभन्दा बढी भ्रष्टाचार हुने तेस्रो देश मानिन्छ ।

आतङ्कवाद, लागूऔषध, कर छली, अख्तियारको दुरुपयोग र जुनसुकै गैरकानूनी कामबाट आर्जित सम्पत्तिलाई वैध माध्यममा प्रवेश गराउने प्रवृत्ति अहिलेको मूल चुनौती हो । यो जोखिम अल्पविकसित देशहरूमा दोब्बर रहेको अध्ययनले देखाएका छन् । हामीकहाँ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ । तर यो निकाय राजनीतिक दबाबको अगाडि निरीह छ ।

अनधिकृत आर्जन नक्कली कम्पनी खडा गरेर लगानीको रूपमा नेपाल भित्र्याइएका तथ्य विभिन्न अध्ययन/अनुसन्धानले सार्वजनिक गरेकै छन् । 'टेक्स हेवन' देशमा सम्पत्ति थुपार्ने नेपालीको सङ्ख्या बढ्दै गएका समाचारहरू हालै मात्रै केही सञ्चारमाध्यममा आएका थिए । यसबाट नेपालमा कालोधनको ग्राफ उकालो लाग्दै गएको बुझ्न कठिन पर्दैन । नेपालजस्तो अल्पविकसित देश अवैध आर्जन र त्यसको शुद्धीकरणका दृष्टिले जोखिमपूर्ण मानिन्छ ।

नेपाल राष्ट्र बैंकको एक अध्ययनले नेपाल र भारतबीचको कुल व्यापारमा ३५ दशमलव ५ प्रतिशत व्यापार अनौपचारिक रहेको तथ्य बाहिर ल्याएको थियो । विश्व बैंकका अनुसार नेपालको अनौपचारिक अर्थतन्त्रको आकार कुल गार्हस्थ उत्पादनको ४० प्रतिशत छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)ले ५० प्रतिशत भनेको छ । जिडिपीको ५० प्रतिशत हाराहारी अनौपचारिक अर्थतन्त्र रहेको देशमा अनधिकृत कालो सम्पत्ति कति होला ? अनुमान त्यति असहज छैन ।

छिमेकी भारतले कालोधन बाहिर ल्याउन केही वर्षअघि एक हजार र पाँच सय दरका नोटमा प्रतिबन्ध लगायो । पाकिस्तानले पनि त्यहाँ पाँच हजार दरको नोटमा प्रतिबन्ध लगाएको थियो । नेपाल र भारतको आर्थिक र सामाजिक मनोविज्ञान करीब उस्तै भएकाले नेपालमा पनि नोटबन्दी गर्ने हो भने अवैध रकम बाहिर आउने र त्यसले अहिले देखिएको सङ्कट केही हदसम्म भएपनि समाधान हुने तर्क पनि सुनिएको छ । तर यसमा शुद्धीकरणको सम्भावनामा भने पर्याप्त निगरानीको खाँचो छ ।

भ्रष्टाचार, कर छली, वित्तीय अपराध र हुन्डी सम्पत्ति शुद्धीकरणका मूल समस्या हुन् । सम्पत्ति शुद्धीकरणमा लागेका गिरोहहरूले नयाँ–नयाँ उपाय अपनाइराखेका हुन्छन् । सरकारमा बसेकाहरू र स्थायी सरकार मानिएको कर्मचारीतन्त्र इमानदार हुने हो भने नियन्त्रण असम्भव छैन । हाम्रो नेतृत्वले अब पनि प्रवृत्ति र छवि सुधारलाई बेवास्ता गर्ने हो भने नेपाल अन्तर्राष्ट्रिय समुदायबाट तिरस्कृत हुने समय निकट देखिएकोप्रति चेतना हुनु अति जरुरी छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## गोर्बाचेभको अन्तिम बिदाइमा हजारौं सहभागी, पुटिन भने अनुपस्थित

मस्को, १८ भदौ/एपी

शीतयुद्ध अन्त्य गर्न र सोभियत सङ्घको विघटनलाई गति दिन कठोर सुधारको पहल गरेका पूर्व सोभियत नेता मिखाइल गोर्बाचोभलाई श्रद्धाञ्जलि दिन शनिवार हजारौंको सङ्ख्यामा शोकसन्तप्त मानिसहरू लामबद्ध भएका छन्।

क्रेमलिनले राजकीय अन्त्येष्टिको घोषणा गर्न अस्वीकार गर्नु गोर्बाचोभको विरासतको बारेमा उसको बेचैनीलाई प्रतिविम्बित गरेको छ। गोर्बाचोभलाई कट्टर साम्यवादी शासनको विकल्पमा उभ्याएकोमा विश्व समुदायको मिश्रित प्रतिक्रिया रहने गरेको छ। कम्युनिस्ट समाजवादी धारले उनलाई सोभियत सङ्घ विघटनको दोषी मान्ने गरेको छ भने अमेरिकालगायतका देशले प्रशंसा गर्ने गरेका छन्।

सोभियत सङ्घको पतन र त्यसपछिको आर्थिक मन्दीको लागि सोभियत सङ्घमा धेरैले उनको आलोचना गर्ने गरेका छन्। उनको कदमले रूसी जनतालाई गरीबीमा डुबाएको बुझाइ रूसीहरूको रहेको छ।

गत बिहीवार पुटिनले मस्कोको एक अस्पतालमा गोर्बाचोभको कफिनमा निजीरूपमा पुष्पगुच्छा अर्पण गर्दै गोर्बाचोभको अन्तिम बिदाइ गरेका थिए। क्रेमलिनले राष्ट्रपतिको व्यस्तताले उनी अन्त्येष्टि कार्यक्रममा सहभागी हुन नसक्ने बताएको छ।

पुटिन कुन खास काममा व्यस्त रहेको भनी सोधिएको प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले शनिवार पत्रकारहरूसँग भने, "राष्ट्रपति पुटिनले शृङ्खलाबद्ध बैठकहरू, अन्तर्राष्ट्रिय फोन कलहरू गर्नेछन् र अर्को हप्ता रूसको सुदूरपूर्वमा एक व्यापार मञ्चको लागि तयारीको कार्यक्रम छ।"


मिखाइल गोर्बाचोभ

९१ वर्षको उमेरमा मङ्गलवार निधन भएका गोर्बाचोभलाई उनकी पत्नी रायसाको छेउमा रहेको मस्कोको नोभोडेभिची चिहानमा अन्त्येष्टि गरिनेछ। उनलाई हाउस अफ द युनियन्सको पिलर हलमा बिदाइ समारोहपछि अन्त्येष्टि गरिनेछ। रासस

## सन् २०२४ को निर्वाचनमा विपक्षीहरू एकजुट हुने

पटना, १८ भदौ/एएनआई

बिहारका मुख्यमन्त्री नितिश कुमारले सन् २०२४ को लोकसभा चुनावका लागि विपक्षीहरू एकजुट हुने बताएका छन्।

मणिपुरबाट जनता दल-युनाइटेड (जेडेयू)का पाँचजना विधायक सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)मा प्रवेश गरेको एक दिनपछि शनिवार यसलाई संवैधानिक हो कि होइन भनी सरकारसँग प्रश्न गरेका छन्।

मुख्यमन्त्री नितिश कुमारले भने, "जब हामी एनडिएबाट अलग भयौं, मणिपुरका हाम्रा सबै छजना विधायक आए र हामीलाई भेटे। उनीहरूले हामीलाई आश्वासन दिए कि उनीहरू जेडियूमा छन्। हामीले के भइरहेको छ भनेर सोच्न जरुरी छ। उनीहरूले विधायकहरूलाई पार्टीहरूबाट अलग गरिरहेका छन्, के यो संवैधानिक हो?"

"सन् २०२४ को चुनावका लागि विपक्ष एकजुट हुनेछ," नितिश कुमारले भने। शुक्रवार जेडियूका पाँचजना विधायक भाजपामा गएपछि बिहारका मुख्यमन्त्री नितिश कुमार र उनको पार्टीलाई ठूलो झट्का लागेको छ।

भाजपाको विधानसभा सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मणिपुर विधानसभाका सभामुखले संविधानको दशौं अनुसूची अन्तर्गत जेडियूका पाँचजना विधायकलाई भाजपामा विलय गर्न पाउँदा खुशी लागेको छ।"

मुख्यमन्त्री नितिश कुमारले भाजपा परित्याग गरी तेजस्वी यादवको राष्ट्रिय जनता दल, काङ्ग्रेस र अन्य पार्टीहरूसँग मिलेर महागठबन्धन गठन गरी बिहारमा शासन गरेको केही हप्तापछि पछिल्लो राजनीतिक घटनाक्रम सार्वजनिक भएको हो।

घटनाक्रमबारे जानकारहरू भन्छन्- भाजपाले हालै बिहारमा भएको घटनापछि जेडियूमाथि जवाफी हमला गर्ने निर्णय गरेको छ। सन् २०२० मा भाजपा-जेडियू गठबन्धनमा चुनाव लडेर नितिश कुमारलाई मुख्यमन्त्रीको पद दिएर सरकार गठन गरिएको थियो। दुई वर्षभन्दा कम समयमा नितिश कुमारले आफ्नो छनोटलाई उल्ट्याए र आश्चर्यजनक कदम चालेर बिहारमा महागठबन्धन सरकार गठन गर्न आरजेडी र काङ्ग्रेससँग गठबन्धन गरेका छन्। रासस


मुख्यमन्त्री नितिश कुमार

## पाकिस्तानमा २४ घण्टामा बाढीका कारण ५७ जनाको मृत्यु, सात हजार ६८३ घाइते

इस्लामाबाट, १८ भदौ/सिन्ह्वा

पाकिस्तानमा पछिल्लो २४ घण्टामा मनसुनी वर्षाका कारण आएको बाढीमा परी कम्तीमा ५७ जनाको मृत्यु हुनुका साथै सात हजार ६८३ जना घाइते भएका राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जनाएको छ।

एनडिएमएले शुक्रवार साँझ सार्वजनिक गरेको प्रतिवेदन अनुसार बाढीका कारण देशभर भएका विभिन्न दुर्घटनामा परी कम्तीमा १७ जना बालबालिका र १८ जना महिलाको मृत्यु भएको छ।

यो अवधिमा देशको दक्षिणी सिन्ध प्रान्तमा ३८ जनाको मृत्यु हुनुका साथै सात हजार २०४ जना घाइते भएका छन्। बाढी र डुबानका कारण उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा १७ जनाको मृत्यु भएको छ भने अन्य क्षेत्रमा दुईजनाको मृत्यु भएको छ। वर्षाका कारण पूर्वी पञ्जाब प्रान्तमा ४७१ जना घाइते भएका छन्।

त्यस्तै, यो अवधिमा तीन लाख २० हजार ६८० वटा घर नष्ट भएका छन् भने तीन हजार ७६६ पशुचौपाया नष्ट भएका छन्।

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण गत जून महीनाको मध्यदेखि अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या एक हजार २६५ पुगेको छ भने १२ हजार ५७७ जना घाइते भएका छन्।


तस्वीर : एएफपी

एनडिएमएका अनुसार सङ्कट शुरू भएदेखि अहिलेसम्म एक लाख ६९ हजार ६७६ जनाको उद्धार गरिएको छ भने छ लाख २७ हजार ७९३ जना शिविरमा बसिरहेका छन्।

यसबाहेक १४ लाख २७ हजार ३९ वटा घर नष्ट भएका छन् भने सात लाख ३५ हजार ५८४ पशुचौपाया मरेका छन्। बाढी प्रभावित क्षेत्रमा एनडिएमए, अन्य सरकारी संस्था, स्वयंसेवक र गैरसरकारी संस्थाहरूद्वारा उद्धार र राहत वितरण कार्यलाई जारी राखिएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – नारीसुख |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – अलभल | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिकाको सूचना

व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय


## सर्लाहीका २०० मध्ये १८ वटा वडा स्वास्थ्य संस्थाविहीन

सर्लाही, १८ भदौ/रासस

सर्लाहीका २० स्थानीय निकायका २०० वटा वडामध्ये १८ वटा वडामा अझै स्वास्थ्य संस्था नराखिएकामा सेवाग्राहीले गुनासो गरेका छन्। जिल्लाका ११ नगरपालिका र नौ गाउँपालिकामध्ये १४ स्थानीय निकायका प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना भएपनि छवटा स्थानीय निकायका १८ वटा वडामा भने अझैसम्म स्वास्थ्य संस्था पुग्न सकेको छैन।

सरकारले प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरी नागरिकलाई प्राथमिक उपचार गर्ने लक्ष्य लिइए पनि जिल्लाका २०० वडामध्ये १८ वटा वडा अझै स्वास्थ्य संस्थाविहीन छन्। जिल्लामा सबैभन्दा धेरै वागमती नगरपालिकाका छवटा वडामा स्वास्थ्य संस्था छैनन्। उक्त नगरपालिकाका वडा नं २, ६, ७, ८, ९ र ११ मा स्वास्थ्य संस्था नरहेको त्यहाँको स्वास्थ्य शाखाले जनाएको छ। नगर स्वास्थ्य शाखाका अनुसार वडा नं १ मा ढुङ्ग्रेखोला स्वास्थ्य चौकी, वडा नं ५ मा राजघाट स्वास्थ्य चौकी, वडा नं १० मा शङ्करपुर स्वास्थ्य चौकी, वडा नं १२ मा कर्मैया स्वास्थ्य चौकी तथा वडा नं ३ र ४ मा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र छन्।

स्वास्थ्य संस्था नरहेका वडामा तत्कालका लागि कुनै निर्णय नभएको स्वास्थ्य शाखाले जनाएको छ।

यस्तै, लालबन्दी नगरपालिकाका वडा नं ७ र ८, ईश्वरपुर नगरपालिकाका ७, ११ र १३, कविलासी नगरपालिकाका १ र १०, मलङ्गवा नगरपालिकाका ३ र ८, बरहथवा नगरपालिकाको ८, रामनगर गाउँपालिकाका ३ र ७ वडा स्वास्थ्य संस्थाविहीन छन्। ती वडामा नजीकैको वडामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरिरहेको पालिकाले जनाएका छन्।

जिल्ला सदरमुकाम मलङ्गवा नगरपालिकामा स्वास्थ्य संस्था नरहेका दुईवटा वडामध्ये वडा नं ८ मा प्रादेशिक अस्पताल नै रहेकोले त्यहाँ स्वास्थ्य संस्था स्थापना नगरिएको नगर स्वास्थ्य शाखाका संयोजक रामनन्दन राय यादवले बताए। वडा नं ३ मा पनि नजीकैको अर्को वडामा रहेको स्वास्थ्य संस्थाबाट सेवा लिइरहेको उनले जानकारी दिए।

लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक मुमताज मिकरानीले स्वास्थ्य संस्थाविहीन वडा नं ७ र ८ का बासिन्दालाई वडा नं ९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र डुमडुमे नजीकै पर्ने भएकोले त्यहींबाट स्वास्थ्य सेवा लिइरहेका जानकारी दिए। जनसङ्ख्या धेरै रहेको र भूगोल ठूलो रहेको भन्दै ईश्वरपुर नगरपालिकाले वडा नं १२ कालिञ्जोरमा स्वास्थ्य चौकी भएपनि सो वडाको उत्तरी दुर्गम चुरे भेगका बासिन्दालाई ध्यानमा राखी पीपलदमारमा सामुदायिक स्वास्थ्य एकाइ, हरिपुर नगरपालिकाले वडा नं ५, असन्मा गाउँमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ र गोडैता नगरपालिकाले वडा नं २ बेल्वाजब्दीमा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरेका छन्।

सरकारले सबै वडामा स्वास्थ्य संस्था पुऱ्याउने लक्ष्य लिएपछि दुई वर्षअघि जिल्लाका अधिकांश स्थानीय निकायले स्वास्थ्य संस्था नरहेका वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरेका हुन्। जिल्लामा २० वटा स्थानीय निकायका २०० वडामध्ये १८५ वडामा भने स्वास्थ्य संस्था पुगेका छन्।

सर्लाहीमा १८ वटा वडा स्वास्थ्य संस्थाविहीन भएपनि सदरमुकाम मलङ्गवामा एउटा प्रादेशिक अस्पताल, लालबन्दी, हरिपुर, जमुनिया, अचलगढ र बरहथवामा गरी पाँच स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र र ९५ वटा स्वास्थ्य चौकी तथा बाँकी आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ छन्। प्रायः सबैजसो वडामा स्वास्थ्य संस्था पुऱ्याउन लागिपरे पनि दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुँदा र आफैंले नियुक्त गरेर पारिश्रमिक दिन सक्ने अवस्था नरहेकाले समस्या भइरहेको जिल्लाका स्थानीय निकायले बताएका छन्।

## धनधान्यकी देवी महालक्ष्मीको शनिवारदेखि विशेष आराधना गरिँदै

काठमाडौं, १८ भदौ/रासस

वैदिक सनातन धर्मावलम्बीले भाद्र शुक्ल सप्तमी अर्थात् आजै शनिवारका दिनदेखि १६ दिन लामो महालक्ष्मी बर्त आरम्भ गरेका छन्।


तस्वीरः फाइल

धनधान्यकी देवी महालक्ष्मीलाई प्रसन्न गराउने अवसरका रूपमा यस पर्वलाई लिइन्छ। आजदेखि १६ दिन अर्थात् आश्विन कृष्ण सप्तमीसम्म विधिपूर्वक यो बर्त गरिन्छ। यस वर्ष असोज १ गते शनिवारसम्म यो बर्त गरिन्छ। यो बर्तका क्रममा ब्रह्मचर्यमा रहनुपर्ने, भूमिमा सुतेर बर्त पूरा गर्नुपर्ने नियम छ।

प्रत्येक दिन हविष्य भोजन अर्थात् एक छाक फलाहार र दिनमा एकपटक मात्र नून खाएर महालक्ष्मी बर्त गरिन्छ। सोऱ्ह दिनसम्म प्रत्येक दिन बेलुकी चन्द्रमालाई अर्घ्य दिने गरिन्छ। यसरी बर्त गरेमा धन, सम्पत्ति, वैभव प्राप्त हुने विश्वास छ। यो बर्त विशेषगरी नारीले गर्ने गरेका छन्। यो बर्तले घरमा महालक्ष्मीको वास भई दुःख दारिद्रय नाश भई सुख शान्ति मिल्ने धार्मिक विश्वास छ।

साक्षात् भगावन् शङ्करले यो बर्त विधि भगवती पार्वतीलाई बताएको विभिन्न ग्रन्थमा उल्लेख गरिएको वाल्मीकि विद्यापीठका उपप्राध्यापक चिन्तामणि भट्टराईले जानकारी दिए। यसका प्रभावले मृत्युपछि पनि दिव्यधाम प्राप्त हुने, अलक्ष्मी नाश हुनेछ।

देवराज इन्द्रले समेत महालक्ष्मीको बर्त एवं पूजा आराधना गरी महालक्ष्मी अष्टकम् नामक स्तोत्रसमेत रचना गरेको महालक्ष्मी बर्त विधिमा उल्लेख गरिएको छ। बिहान, मध्याह्न र साँझसमेत तीनपटक महालक्ष्मी अष्टकम् पाठ गरेमा धनधान्य, सुख वैभव प्राप्त गर्नुका साथै शत्रुसमेत नाश हुने उनले बताए।

प्रत्येक वर्ष भाद्र शुक्ल सप्तमीदेखि आश्विन कृष्ण सप्तमीसम्म १६ दिन, आश्विन शुक्ल पूर्णिमा र कार्तिक कृष्ण आमावास्या गरी तीनपटक विशेषरूपमा महालक्ष्मीको पूजा आराधना गर्ने वैदिक परम्परा छ। आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्मको दुर्गा पक्षका क्रममा पनि महाकाली र महासरस्वतीसँगै महालक्ष्मीको पनि विशेष पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ।

## मधेस प्रदेशका मुख्य न्यायाधिवक्ताद्वारा राजीनामा

जनकपुर, १८ भदौ/रासस

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता



दीपेन्द्र झाले आफ्नो पदबाट राजीनामा दिएका छन्। मुख्यमन्त्री लालबाबू राउत गद्दीलाई उनले शनिवार आफ्नो राजीनामा पत्र बुझाएका हुन्।

निर्वाचनको तयारीमा जुट्नुपर्ने भएकाले पदबाट राजीनामा दिएको र जनता समाजवादी पार्टीमा प्रवेश गर्न लागेको मुख्य न्यायाधिवक्ता झाले बताए। आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा महोत्तरी क्षेत्र नं ३ बाट प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवारी दिने तयारीमा रहेका झालाई आजै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पार्टीमा प्रवेश गराएको जनाइएको छ। मधेस प्रदेश सरकार गठन भएदेखि प्रदेश सरकारको मुख्य न्यायाधिवक्ताको पदमा झा कार्यरत रहँदै आएका थिए।

## सशस्त्रले छ दिनमा साढे १३ लाखको सामान बुझायो

प्रस, वीरगंज, १८ भदौ/

सशस्त्र प्रहरी बल १३ नं गण वीरगंज हेड क्वार्टरले छ दिनमा १३ लाख ४२ हजार मूल्यको सामान भन्सार चालान गरेको प्रवक्ता सशत्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए।

विभिन्न नाकाबाट भन्सार छली भित्रिएका सामान सशस्त्र प्रहरीले बरामद गरी भन्सार चलान गरेको उनले बताए।

यसैगरी, सशस्त्र प्रहरीले साउन महीनामा एक करोड २२ लाख ४३ हजार र भदौमा अहिलेसम्म एक करोड ६० लाख ६० हजार मूल्यको सामान बरामद गरेर भन्सार पठाइसकेको प्रवक्ता बस्नेतले बताए।


तस्वीरः सौजन्य

# ३० हजार बिरुवा रोप्छौं –वनमन्त्री यादव

प्रस, वीरगंज, १८ भदौ/

सेभ सोइल अर्थात् माटो जोगाऔं अभियानसँग नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले ऐक्यबद्धता जनाएको छ।

अभियानका लागि नेपाल आएका प्रसिद्ध सद्गुरुलाई वन तथा वातावरण मन्त्री प्रदीप यादवले मन्त्रालयको तर्फबाट जारी गरिएको पत्र हस्तान्तरण गरेर अभियानसँग ऐक्यबद्धता जनाएका हुन्।

ललितपुर जिल्लाको गोदावरीमा शुक्रवार साँझ आयोजित कार्यक्रममा वनमन्त्री यादवले माटो जोगाऔं अभियानका लागि सद्गुरुले गरेको तीस हजार किलोमिटर यात्रालाई सम्मान गर्न र सघाउन वन मन्त्रालयमार्फत देशभरिमा कम्तीमा तीस हजार बिरुवा रोप्ने प्रतिबद्धता व्यक्त गरे।


तस्वीर: सौजन्य

उक्त अभियानका प्रमुख जग्गी वासुदेवलाई नेपालमा स्वागत गर्न पाउँदा आफु निकै खुशी भएको मन्त्री यादवले बताए। माटो जोगाएर पृथ्वीको खेतीयोग्य माटोमा जैविक शक्ति बढाउनका लागि सद्गुरु जग्गीले चलाएको महाअभियानको जति प्रशंसा गरे पनि कम हुने मन्त्री यादवको भनाइ थियो।

सद्गुरुलाई मन्त्री यादवले ऐक्यबद्धता पत्रका साथै दुर्लभ एक सिङ्गे गैंडाको मूर्ति पनि उपहार प्रदान गरेका थिए।

# वनमन्त्री यादवद्वारा मन्दिर र विवाह भवनको उद्घाटन

प्रस, वीरगंज, १८ भदौ/


तस्वीर: प्रतीक

वन तथा वातावरण मन्त्री प्रदीप यादवले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत निर्मित मन्दिर र विवाह भवनको शनिवार उद्घाटन गरेका छन्।

वनमन्त्री यादवले वीरगंज–१५ स्थित भिस्वामा निर्मित शीतलामाई मन्दिरको उद्घाटन गरेका हुन्।

त्यसैगरी, मन्त्री यादवले सोही वडाको भिस्वा र भेडियाहीमा निर्मित विवाह भवनको पनि उद्घाटन गरेका थिए।

मन्दिर निर्माणपश्चात् मन्दिरको सुन्दरता बढ्नुका साथै त्यहाँ पुग्ने श्रद्धालुहरूलाई पूजा अर्चनामा सहजता हुने मन्त्री यादवले बताए।

उनले विवाह भवनमा स्थानीयहरूलाई विवाहलगायतका धार्मिक, सांस्कृतिक र पारम्परिक कार्यक्रमहरू गर्न आग्रह गरे।

मन्त्री यादवको संसदीय कोषको १५ लाख रुपैयाँको लागतमा मन्दिर र ३० लाख रुपैयाँको लागतमा विवाह भवन निर्माण भएको उनका स्वकीय सचिव घनश्यामबाबू गुप्ताले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति, पर्साका प्रमुख निरञ्जन साह सोनार, वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, वडाध्यक्ष रमेश यादवलगायतको सहभागिता थियो।


## भरपेट भोजनालय.....

शुभकामना दिएका थिए।

कार्यक्रममा संविधानसभा सदस्य रूँगटाले भरपेटजस्ता जनमुखी कार्यहरूको प्रोत्साहन आजको प्रमुख आवश्यकता भएको बताए। उनले भोजनालयबाट समुदायले प्रत्यक्ष लाभ लिएको चर्चा गर्दै यस्तो पुनीत कार्यमा सबैको साझा सहयोगका लागि अपीलसमेत गरे।

उपप्रमुख आलमले भोजनालय सञ्चालनार्थ महानगर र आफ्नो व्यक्तिगत हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे। दैनिक ज्यालादारी गर्ने वर्गलाई भोजनालयले प्रत्यक्ष लाभ पुऱ्याएको चर्चा गर्दै उनले यसको व्यवस्थापना सम्हालिरहेको सानो पाइला समूहप्रति विशेष आभार प्रकट गरे।

वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष अग्रवालले निजी क्षेत्रसँग हातेमालो गरेर यसको विस्तार र निरन्तरताका लागि पहल गर्नुपर्नेमा जोड दिए। वर्षको रु २० लाख घाटा भएर पनि सञ्चालन भइरहेको भोजनालयबाट लाभान्वित हुनेहरूको सङ्ख्या धेरै भएको उल्लेख गर्दै उनले यसको प्रोत्साहनमा सहयोगका लागि आह्वान गरे।



# खेलकूदको संसार

## राखेपको ५९औं वार्षिकोत्सव : विभिन्न खेलाडी, पत्रकार, कर्मचारी र संस्था सम्मानित

काठमाडौं, १८ भदौ/

राष्ट्रिय खेलकूद परिषद् (राखेपले)ले आफ्नो ५९औं वार्षिकोत्सव समारोहमा आज विभिन्न विधामा खेलाडी, पत्रकार तथा संस्थालाई सम्मान एवं पुरस्कार प्रदान गरेको छ। परिषद्का संरक्षक प्रधानमन्त्री शेरबहादुर देउवा एवं युवा तथा खेलकूद मन्त्री महेश्वरजङ्ग गहतराजले उत्कृष्ट स्थानीय तह सम्मानका साथै उत्कृष्ट (जुनियर र सिनियर) वर्ष खेलाडी तथा उत्कृष्ट खेलकूद पत्रकारलाई सम्मान गरेका थिए।


तस्वीर: रासस

यस्तै, राखेपले सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, दीर्घसेवा पदक, उत्कृष्ट परिषद् सेवा पदक, परिषद् सेवा पुरस्कार, उत्कृष्ट खेल सामग्री उत्पादक, उत्कृष्ट राष्ट्रिय खेल सङ्लाई पुरस्कार तथा सम्मान प्रदान गरेको हो।

राखेपले यसपालि टेबल टेनिसका इभाना थापा र एथेलेटिक्सका सुदीप थारूलाई जुनियरतर्फको सर्वोत्कृष्ट वर्ष खेलाडी घोषणा गर्दै पुरस्कार प्रदान गरेको छ। यस्तै, पारा–तेक्वान्दोका खेलाडी पलेसा गोवर्द्धन र फूटबलका खेलाडी किरण चेम्जोङलाई सिनियरतर्फको सर्वोत्कृष्ट वर्ष खेलाडी घोषणा गर्दै पुरस्कृत गरेको हो।

राखेपले यसपटक खेल पत्रकारितामार्फत नेपाली खेलकूदको विकासमा गरेको योगदानको स्मरण गर्दै राससकर्मी मुना कार्की र नेपाल खेलकूद पत्रकार मञ्चका पूर्वअध्यक्ष महेश आचार्यलाई वर्ष उत्कृष्ट खेलकूद पत्रकार घोषणा गरी पुरस्कृत गरेको छ।

समारोहमा उत्कृष्ट खेल सामग्री उत्पादन गर्ने कामारु ट्रेडिङ प्रालि र उत्कृष्ट राष्ट्रिय खेल सङ्घ घोषित भएको ट्रायथलन खेल सङ्घलाई सम्मान गरिएको थियो।

सोही समारोहमा राखेपले रु २५ हजार राशिको सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, रु १५ हजार राशिको उत्कृष्ट परिषद् सेवा पुरस्कार, रु १० हजार राशिको परिषद् सेवा पुरस्कार तथा २५ वर्ष सेवा प्रदान गरेका कर्मचारीलाई दीर्घ सेवा पदक प्रदान गरेको थियो।

राष्ट्रिय खेलकूद परिषद्ले चितवनको भरतपुर महानगरपालिकालाई ७५३ स्थानीय तहमध्ये उत्कृष्ट स्थानीय तह घोषणा गरेको छ।

नेपालका स्थानीय तहमध्ये खेलकूदका क्षेत्रमा सबैभन्दा धेरै बजेट विनियोजन गरेकोले भरतपुरलाई उत्कृष्ट महानगर घोषित गरिएको राखेपले जनाएको छ।

गएको वर्ष उक्त महानगरपालिकाले खेलकूद क्षेत्रको विकासका लागि रु नौ करोड ४७ लाख विनियोजन गरेको थियो। काठमाडौंमा आज भएको राखेपको वार्षिकोत्सव समारोहमा महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले उक्त सम्मान ग्रहण गरे।

सम्मान समारोहमा भिडियो सन्देशमार्फत महानगर प्रमुख रेणु दाहालले भरतपुरलाई खेल पर्यटन सिटीका रूपमा विकास गर्ने सोच आफ्नो रहेको बताइन्। उनले एक वडा एक खेलग्राम, एक विद्यालय एक खेलमैदान, नगरस्तरीय खेल मैदान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलमैदानलगायत परियोजना अघि बढाएको जानकारी दिइन्। उक्त पुरस्कार प्रधानमन्त्री देउवा तथा खेलकूदमन्त्री गहतराजले वितरण गरेका थिए।

समारोहमा राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले नवौं राष्ट्रिय खेलकूदका ३६ खेलमध्ये ३५ खेल गण्डकी प्रदेशमा खेलाइने जानकारी दिए। उनले एउटा खेलको विषयमा निर्णय हुन बाँकी रहेको बताए।

उनले अहिलेसम्म एशियाली गेममा स्वर्णपदक प्राप्त गर्न नसकिरहेकोले चाँडै त्यो इतिहास नेपालले प्राप्त गर्ने विश्वास व्यक्त गरे। उनले १९औं एशियाली खेलकूद एक वर्ष सरे पनि नेपालले आफ्नो तयारी नरोकेको जानकारी दिए। सदस्य सचिव घिसिङले नवौं राष्ट्रिय खेलकूदलगत्तै १९औं एशियाली खेलका लागि तयारी थाल्ने उल्लेख गरे। उनले त्यसको तयारीका लागि सरकारबाट रु १० करोड बजेट आइसकेको पनि बताए।

उनले पाकिस्तानमा हुन लागेको १४औं दक्षिण एशियाली खेलकूद र सन् २०२४ मा पेरिसमा ओलम्पिक हुन लागेकाले सबै खेलका लागि व्यवस्थित तयारीमा लागेको जानकारी दिए।

समारोहमा राखेपका उपाध्यक्ष शिव कोइरालाले खेलकूद आर्थिक उत्पादन, जीविकोपार्जनका साथै मुलुकको समृद्धिका लागिसमेत महत्त्वपूर्ण हुँदै गएको जानकारी दिए।

# खोलाबाट महिलाको शव बरामद

प्रस, बिरुवागुठी, १८ भदौ/

पर्साको पर्सागढी नगरपालिका–३ पुनीत खोला बडनिहारमा एक महिलाको शव शनिवार बिहान फेला परेको छ।

जीतपुरसिमरा उपमहानगर पालिका–१९ इनर्वासिरा निवासी पर्सागढी नगरपालिका–३ बडनिहार माइत बस्दै आएकी ४० वर्षीय चरावतीदेवी माझीको शव आज फेला परेको हो। मृतकका छोरा मनोज माझीले आमाले हिजो राति खाना खाएर सुतेकोसम्म आफूहरूलाई थाहा भएको बताए।

शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाएको र घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले बताएका छन्।

# सिम्रौनगढमा प्रशासकीय अधिकृतमा न्यौपाने

प्रस, सिम्रौनगढ, १८ भदौ/

सिम्रौनगढ नगरपालिकामा शुक्रवारदेखि प्रमुख प्रशासकीय अधिकृत पदमा दिनेशप्रसाद न्यौपानेले कार्यभार सम्हालेका छन्।

कार्यभार सम्हाल्दै उनले सिम्रौनगढ नगरपालिकाको चौतर्फी विकासको लागि सहयोग गर्ने बताए। उनले जनप्रतिनिधिहरूको विकास योजनालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने बताए। सिम्रौनगढको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वको प्रवर्द्धन र विकास गर्न सबै पक्षसँग सहकार्य गरी कार्यक्रम अगाडि बढाइने बताए। कर्मचारी र जनप्रतिनिधिबीच सुमधुर सम्बन्ध कायम गरी यस क्षेत्रका जनताको लागि सुशासनको अनुभूति दिलाउन आफ्नो प्रयत्न रहने उनले बताए।


दिनेशप्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत न्यौपाने उपसचिव स्तरका कर्मचारी हुन् र उनी यसभन्दा अघि दमक नगरपालिकामा कार्यरत थिए।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

–विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।

–देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।

–आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।

–बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं।

–स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।

–आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड